# RELIANCE SPINNING MILLS LTD.

H.O. 4th Floor Ameer Bhawan, Kamaladi, Kathmandu, Nepal
Tel. : +977-1-4241853 (Hunting Line)
E-mail : info@reliancespinningnepal.com

Ltd. No. 105117 PAN: 300016312


च.नं. ३९ /०८३/०८४

मिति: २०८३/०६/२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यूनआइ मार्ग, भद्रकालि, काठमाण्डौं ।

विषयः **३२ औं बाषिक साधारण सभाको निर्णय विवरण जानकारी सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको ३२ औं बार्षिक साधरण सभा मिति २०८३।०६।२२ गते (तदनुसार अक्टोवर ८, २०२६), बिहीवार, अनुपम् फुड ल्याण्ड एण्ड बैंक्वेट, बत्तीसपुतली, काठमाडौं, सम्पन्न भएको बेहोरा अनुरोध छ । साथै सो साधारण सभाको निर्णय तथा कामकारवाहिको विवरण यसै पत्रका साथ संलग्न गरिएके बेहोरा अनुरोध छ ।

**भवदिय,**

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

.................
रबिन्द्र बस्नेत
कम्पनी सचिव

**बोधार्थ**

क) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

ख) ग्लोवल आइएमई क्यापिटल लिमिटेड
नक्साल, काठमाण्डौ

प.लि. द.नं. ६२/०५०/५१ ( १०५११७)

# रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको
## ३२ औं बार्षिक साधारण सभाको निर्णय (माइन्यूट) पुस्तिका

*मिति २०८३/०६/२२ गते सम्पन्न भएको वार्षिक साधारण सभाको काम कारवाहीको विवरण*

१. वार्षिक साधारण सभा

यस **रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड** (**"कम्पनी"**) को मिति २०८३/०६/२२ को ३२ औं वार्षिक साधारण सभा (**"सभा"**) कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी निम्नानुसार निर्णय भयो ।

**साधारण सभाको मिति, स्थान र समय**

**मिति :** २०८३।०६।२२ गते (तद्नुसार अक्टोवर ८, २०२६), बिहीवार ।
**स्थान :** अनुपम् फुड ल्याण्ड एण्ड बैंक्वेट, बत्तीसपुतली, काठमाडौं ।
**समय :** बिहान ९:०० बजे ।

२. उपस्थिति

(अ) सञ्चालकहरूको उपस्थिति

| क्र.स. | सञ्चालकहरको नाम | पद | उपस्थित/अनुपस्थित |
|---|---|---|---|
| १. | श्री पवन कुमार गोल्याण | अध्यक्ष | उपस्थित |
| २. | श्री शशि कान्त अग्रवाल | सञ्चालक | उपस्थित |
| ३. | श्री अक्षय गोल्याण | प्रबन्ध सञ्चालक | उपस्थित |
| ४. | श्री हरिश्चन्द्र सुवेदी | सञ्चालक | उपस्थित |

(आ) आमन्त्रित प्रतिनिधिहरूको उपस्थिति

| क्र.स. | प्रतिनिधिको नाम | विवरण/संस्था |
|---|---|---|
| १. | श्री योगेन्द्र रञ्जितकार | कम्पनी रजिष्ट्रारको कार्यालय |

(इ) पदाधिकारीहरूको उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १. | श्री रबिन्द्र बस्नेत | कम्पनी सचिव |
| २. | श्री निर्दोश कुमार सिंह | प्रमुख सञ्चालक अधिकृत (COO) |
| ३. | श्री अनिल कुमार सोमानी | प्रमुख वित्तिय अधिकृत (CFO) |

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

| | | |
|---|---|---|
| ४. | श्री तपन गोस्वामी | उप-प्रमुख सञ्चालक अधिकृत (DCOO) |
| ५. | श्री महेश कुमार पोखरेल | एच.आर. तथा प्रशासन प्रमुख |
| ६. | श्री मनिष मंगला | सेल्स तथा मार्केटिङ्ग ( नेपाल तथा भारत) जि.एम. |
| ७. | श्री ज्योति गैह्रे | कर्पोरेट अफेयर्स एण्ड कम्युनिकेसन्स प्रमुख |
| ८. | श्री अबधेश प्रसाद पन्त | निर्वाचन अधिकृत |

(ई) **शेयरधनीहरुको उपस्थिति**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थित जम्मा शेयरधनी संख्या | ६ | ३४९ | ३५५ | ९३.११ |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको अध्यक्ष ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको अध्यक्षता गर्नुभयो ।

कम्पनीको ३२ औं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको अध्यक्षको आज्ञाले कम्पनी सचिव **श्री रबिन्द्र बस्नेत** देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना :**

यस कम्पनीको ३२ औं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिका नागरिक दैनिक पत्रिकामा मिति २०८३ भाद्र ३१ र दोस्रो पटक असोज १ गते गरी दुई पटक प्रकाशित गरिएको थियो ।

उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०८२/८३ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोही पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिवेदन कम्पनीको वेवसाइट reliancespinningnepal.com मा समेत राखिएको थियो ।

(ख) **उपस्थिति :**

कम्पनीको साधारण सभामा बुँदा नं. ३(ग) मा उल्लेखित संख्यामा शेयरधनीहरुले उपस्थिति जनाउनु भएको थियो । साधारण सभामा सञ्चालक समितिका हाल कायम सम्पूर्ण संचालकहरु उपस्थित रहनु भएको थियो ।

(ग) **गणपूरक संख्या :**

१. यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०८३/०६/१४ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

RELIANCE SPINNING MILLS LTD.
Estd. 2051
Kathmandu

| विवरण | संस्थापक समूह तर्फबाट | सर्वसाधारण समूह तर्फबाट | जम्मा |
|---|---|---|---|
| **कूल शेयरधनीहरूको संख्या** | ७ | १२,२६९ | १२,२७६ |
| **कुल शेयर संख्या** | १,७०,७३,४०० | १९,२६,६०० | १,९०,००,००० |

साथै, कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | संस्थापक समूह तर्फबाट | सर्वसाधारण समूह तर्फबाट | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | ६ | ३४९ | ३५५ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको शेयर संख्या | १,७०,७३,२०० | ६,१७,७४६ | १,७६,९०,९४६ |
| | | **कूल प्रतिशत** | ९३.११% |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न मिति २०८३/०६/२२ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ३५५ जना शेयरधनीहरूबाट यस कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ९३.११% प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भयो ।

**४. प्रस्ताव तथा छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव तथा छलफलका विषयहरु :**

१) आ.व.२०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) कम्पनीको आ.व. २०८२/८३ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वार्षिक वित्तीय विवरण) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) आर्थिक वर्ष २०८३/०८४ को लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) चुक्ता पूँजीको ३०% नगद लाभांश (कर सहित) वितरण गर्ने सञ्चालक समितिको सिफारिस स्विकृत गर्ने सम्बन्धमा ।

५) स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

६) कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने (१) एक जना तथा सस्थांपक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सहित चार जना सञ्चालकहरुको निर्वाचन/मनोनित गर्ने सम्बन्धमा ।

७) सञ्चालकहरुको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

ख) <u>विशेष प्रस्ताव तथा छलफलको विषय</u> :

१) प्रबन्धपत्रको दफा ४ बमोजिम कम्पनीको उद्देश्य र नियमावलीको नियम २७ को उपनियम २ मा आवश्यक संशोधन/थप गर्ने सम्बन्धमा ।

ग) <u>विविध</u> ।

**५. सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री पवन कुमार गोल्याणज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

**६. अध्यक्षको मन्तव्य तथा वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाका अध्यक्ष श्री पवन कुमार गोल्याणज्यूले सञ्चालक समितिको संक्षिप्त वार्षिक प्रतिवेदन सहितको आफ्नो मन्तव्य सभा समक्ष राख्नु भयो ।

**७. छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

**८. छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचारहरु (मन्तव्य तथा लिखित सुझावका रुपमा) राख्नु भएको थियो ।

१. श्री बैजुनाथ रौनियार

२. श्री नरसिंह लाल चौहान

३. श्री उत्तम पाठक

४. श्री नरेश कुमार साह

५. प्रा. डा. श्री रामजी प्रसाद पण्डित

६. श्री लक्ष्मण श्रेष्ठ

७. श्री सागर कँडेल

८. श्री अमर डंगोल

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

९. शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरूको सारांश :

कम्पनीका शेयरधनीहरूले कम्पनीको चुक्ता पूँजीको ३० प्रतिशत लाभांश घोषणा गरिएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै आगामी वर्षहरूमा लाभांशको केही अंश बोनस शेयरका रूपमा समेत वितरण गर्न सुझाव दिनुभयो । साथै, भोटेकोशी बाढीपीडितको राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. एक करोड सहयोग प्रदान गरिएको कार्यको स्वागत गर्नुभयो ।

नेपाल विद्युत प्राधिकरणलाई बुझाउनुपर्ने विवादित बक्यौता रकम भुक्तानी गर्नुपर्ने अवस्था आएमा कम्पनीको वित्तीय स्वास्थ्यमा पर्न सक्ने प्रभावप्रति चिन्ता व्यक्त गर्दै आयात प्रतिस्थापन तथा व्यापार घाटा न्यूनीकरणका लागि कम्पनीबाट उत्पादित धागोको प्रयोग गरी कपडा उत्पादन गर्न सुझाव दिनुभयो । साथै, सञ्चालन तथा खरिद खर्च न्यूनीकरण, व्यवसाय विस्तार, आय वृद्धि तथा बिक्री बढ्दा पनि कुल मुनाफा घटेको विषयमा आवश्यक सुधार गर्न सञ्चालक समिति तथा व्यवस्थापनको ध्यानाकर्षण गराउनुभयो ।

१०. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :

सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणज्यूले शेयरधनीहरूबाट प्राप्त प्रश्न तथा सुझावहरूको जवाफ दिँदै नेपालमा कपडा उत्पादनको व्यवसाय विस्तारका लागि तयारी पोशाकको अन्तिम परिष्करण केन्द्र (**Finishing Center**) लगायत आवश्यक पूर्वाधारको अभाव रहेको र सोको विकासका लागि नेपाल सरकारलाई सुझाव दिइएको जानकारी गराउनुभयो । आगामी दिनमा आवश्यक पूर्वाधारको बिकास भए सो तर्फ समेत कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने बताउनु भयो । बोनस शेयर वितरणका सम्बन्धमा आगामी वर्षहरूमा विचार गरिने बताउनुभयो । नेपाल विद्युत प्राधिकरणसँगको बक्यौता विवाद सम्बन्धमा कम्पनीले प्राधिकरणअन्तर्गतको प्रशासनिक पुनरावलोकन समितिमा निवेदन दायर गरेको र विषय हाल विचाराधीन रहेको जानकारी गराउनुभयो । अन्त्यमा, शेयरधनीहरूबाट प्राप्त सुझावहरूलाई आत्मसात् गर्दै आगामी दिनमा कम्पनीको कार्यसम्पादनमा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

११. सभाबाट पारित प्रस्तावहरू :

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले कम्पनीका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिम पारित गर्नुभयो ।

(क) सामान्य प्रस्तावतर्फ :

निर्णय नं. १

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियो ।

निर्णय नं. २

यस कम्पनीका लेखापरिक्षकबाट लेखापरिक्षण भई प्रस्तुत हुन आएको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन (वासालात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत) पारित गरियो ।

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

**निर्णय नं. ३**

आर्थिक वर्ष २०८३/०८४ का लागि कम्पनीको लेखापरीक्षकमा रजिष्ट्र्ड लेखापरिक्षक A.P.M. & Associates, Chartered Accountants लाई नियुक्ती गर्ने तथा लेखापरीक्षकको पारिश्रमिक रु. १०,००,०००/- (अक्षरेपि दश लाख नेपाली रुपैयाँ मात्र) नियमानुसार लाग्ने टि.डि.एस सहित निर्धारण गर्ने निर्णण गरियो ।

**निर्णय नं. ४**

यस कम्पनीको सञ्चित मुनाफा (फ्रि रिजर्भ) मा जम्मा रकमबाट चुक्ता पूँजी रु. १,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड नेपाली रुपैया मात्र) को **३०** प्रतिशतका दरले हुन आउने रु ५७,००,००,०००/- (अक्षरेपि सन्ताउन्न करोड रुपैया मात्र) कर सहित नगद लाभांश वितरण गर्न स्विकृत गरियो ।

**निर्णय नं. ५**

मिति २०८३।०२।३१ मा बसेको ४२० औं सञ्चालक समितिको बैठकले वरिष्ठ अधिवक्ता श्री हरिश्चन्द्र सुवेदीज्यूलाई कम्पनीको स्वतन्त्र सञ्चालकमा गरेको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस कम्पनीका सञ्चालकहरुको सञ्चालक समितको प्रति बैठक भत्ता रु. २०,०००/- (अक्षरेपि बीस हजार नेपाली रुपैया मात्र) कर सहित निर्धारण गर्ने निर्णय गरियो ।

(ख) **विशेष प्रस्तावतर्फ :**

**निर्णय नं. १**

कम्पनी ऐन २०६३ अनुसार पारित कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा १ बमोजिम कम्पनीको उदेश्यमा बुँदा नं. (ङ) पछि देहाय बमोजिम बुँदा नं. (ङ १) थप गर्ने तथा कम्पनीको नियमावलीको नियम २७ (२) मा रहेको हालको व्यवस्थालाई निम्न व्यवस्थाद्धारा प्रतिस्थापन गरिने गर्ने निर्णय गरियो । साथै, प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रबन्ध पत्रको दफा ४ को उपदफा १ मा :**

*(ङ१) अत्याधुनिक प्रविधियुक्त उद्योग स्थापना गरी आवश्यकता अनुसार उच्च गुणस्तरीय विभिन्न प्रकारका फाइबर उत्पादन गर्ने; अल्लो, हेम्प, केरा लगायतका विभिन्न प्रकारका फाइबरबाट धागो उत्पादन गर्ने; विभिन्न प्रकारका कपडा तथा गार्मेन्ट (तयारी पोशाक) उत्पादन गर्ने; साथै, फाइबर, धागो तथा कपडाको रङ्गाई (डाइङ्ग) गर्ने ।*

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

## तपसिल

| साविक व्यवस्था | थप/संसोधन भई कायम हुने व्यवस्था | थप/संसोधन गर्नु पर्ने कारण |
|---|---|---|
| प्रबन्ध पत्रको दफा ४ को उपदफा १ मा<br>क) हाल व्यवस्था नभएको | **ङ१) थप हुने उदेश्य**<br>(ङ१) अत्याधुनिक प्रविधियुक्त उद्योग स्थापना गरी आवश्यक्ता अनुसार उच्च गुणस्तरीय विभिन्न प्रकारका फाइबर उत्पादन गर्ने, विभिन्न प्रकारका फाइबरबाट (अल्लो, हेम्प, केरा) लगायत अन्य फाईवरबाट धागो उत्पादन गर्ने, विभिन्न प्रकारका (कपडा) उत्पादन गर्ने तथा गार्मेन्ट (तयारी पोशाक) उत्पादन गर्ने र फाइबर, धागो तथा कपडाको रङ्गाई (डाइङ्ग) गर्ने । | आवश्यक पर्ने कच्चा पदार्थ, कपडा उद्योग, फाईवर तथा गार्मेन्टस् उद्योग स्थापना गर्न उदेश्यका कारण संसोधन गरिएको । |

**नियमावलीको नियम २७ (२) मा थप :**

*यस कम्पनीमा निम्न सदस्य सहितको छ (६) सदस्यीय सञ्चालक समिति रहनेछ :*

*क) संस्थापक समुहतर्फबाट महिला सहित ४*

*ख) सर्वसाधारण समुहतर्फबाट १*

*ग) स्वतन्त्र सञ्चालक १*

## तपसिल

| साविक व्यवस्था | संसोधन भई कायम हुने व्यवस्था | संसोधन गर्नु पर्ने कारण |
|---|---|---|
| <u>नियमावलीको नियम २७ (२) मा</u><br>(२) यस कम्पनीमा ५ जनाको सञ्चालक समिति हुनेछ । जसमा तपशिल बमोजिम रहनेछ ।<br>क. स्वतन्त्र व्याक्ति १<br>ख सर्वसाधरण तर्फ १<br>ग. संस्थापन तर्फ महिला सहित ३ | <u>नियमावलीको नियम २७ (२) मा</u> थप / संसोधन हुने<br>२) यस कम्पनीमा निम्न सदस्य सहितको छ (६) सदस्यीय सञ्चालक समिति रहनेछ ।<br>क) संस्थापक समुहतर्फबाट महिला सहित ४<br>ख) सर्वसाधारण समुहतर्फबाट १<br>ग) स्वतन्त्र सञ्चालक १ | सञ्चालक समितिमा महिला सञ्चालक थप गर्नु पर्ने भएकोले । |

**सामन्य प्रस्ताव तर्फको निर्णय**

<u>निर्णय नं. ६</u>

निर्वाचन अधिकृत श्री अवधेश प्रसाद पन्त ज्यूबाट देहाय बमोजिम निर्वाचन परिणाम घोषणा गर्नुभयो ।

<u>*संस्थापक शेयरधनी समुहबाट सर्वसम्मत निर्वाचित हनु भएका सञ्चालकहरु :*</u>

RELIANCE SPINNING MILLS LTD. Estd. 2051 Kathmandu

१. श्री पवन कुमार गोल्याण ज्यू

२. श्री शशि कान्त अग्रवाल ज्यू

३. श्री अक्षय गोल्याण ज्यू

*साधारण शेयरधनी समुहको तर्फबाट निर्विरोध निर्वाचित हुनु भएका सञ्चालक* :

१. श्री बसन्त नाहटा ज्यू

**निर्णय नं. ६** : कम्पनी ऐन, २०६३ **को दफा ६७(३)** तथा कम्पनीको नियमावलीको नियम १९ को उप-नियम (७) को व्यवस्था बमोजिम कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीको स्वीकृतिले कम्पनीको नियमावली**को नियम २७** (२) संशोधन **गर्ने निर्णय भएकोले सभाबाट सर्वसम्मतीले** ***संस्थापक शेयरधनी समुहबाट*** **श्री किरण देवी अग्रवाल ज्यू संचालक** मनोनयन गर्ने निर्णय गरियो ।

(ग) **विविध:** विविध तर्फ छलफलको विषय नरहेको ।

**१२. बधाई तथा धन्यवाद ज्ञापन :**

आजको साधारण सभा सौहार्दपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, विभिन्न निकायका प्रतिनिधिहरु, लेखापरीक्षक, संस्थागत रुपमा यस साधारण सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिहरु, कम्पनीसँग सम्बन्धित सबै सरोकारवालाहरु लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस कम्पनीको ३२ औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका अध्यक्षले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१३. सभा विसर्जन :**

बत्तिसऔं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि निर्णय भैसकेकाले सम्पूर्ण उपस्थित महानुभाबहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापन गर्दै कम्पनीका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणज्यूले दिनको ११:०५ बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

RELIANCE SPINNING MILLS LTD.
Estd. 2051
Kathmandu